नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:- २०७६/७७
चलानी नम्बर:- १३०

मितिः- २०७६/०५/०४

श्री स्थानीय तह (सबै)

विषयः- मन्त्रिपरिषदको निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

महालेखा नियन्त्रक कार्यालय, बजेट कार्यान्वयन शाखाको च.नं. ५४७ मिति २०७५/११/०५ को पत्र एवं नेपाल सरकार (म.प.) को मिति २०७५/१०/५ मा भएको स्थानीय तहको आन्तरिक लेखापरीक्षण सम्बन्धी निर्णय यसैसाथ संलग्न छ सोबाट व्यहोरा अवगत गरी सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

...................
लक्ष्मी प्रसाद निरौला
उप सचिव

बोधार्थ:-

श्री सूचना तथा प्रविधि शाखा
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयः- website मा राखिदिनु हुन अनुरोध छ ।

नपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office
बजेट कार्यान्वयन शाखा

प.सं. ०७५/०७६
च.नं. २४६

मिति : २०७५/११/०५

**विषय : मन्त्रिपरिषद्को निर्णय कार्यान्वय गर्ने सम्बन्धमा ।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सवै ।

अर्थ मन्त्रालयको प.स.०७५/७६, च.नं. ६७२, मिति २०७५/११/०२ को पत्रबाट बजेट कार्यान्वयनमा देखिएका समस्या समाधानको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७५/१०/२५ मा भएका निर्णय प्राप्त भएकाले उक्त निर्णयहरु (www.fcgo.gov.np को सूचना भित्र अपलोड गरिएको) कार्यान्वयनका लागि पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(शैलेन्द्र कुमार दुलाल)
लेखा अधिकृत

**<u>बोधार्थ</u>**

श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा, सिंहरदरवार, काठमाडौं ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौं :- उक्त निर्णयहरु कार्यान्वयनको लागि सवै स्थानीय तहलाई जानकारी गराई दिनु हुन अनुरोध छ ।
श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश १, २, ३, गण्डकी, ५, कर्णाली र सुदुरपश्चिम प्रदेश
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सवै प्रदेश



अनामनगर, काठमाण्डौ, फोनः ०१-४४३८५३६, ४४३८५४५, फ्याक्सः ०१-४४१४६५१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

नेपाल सरकार

अर्थ मन्त्रालय

विषय :बजेट कार्यान्वियमा देखिएका समस्या समाधान सम्वन्धमा।

विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मिति २०७५/१०/२४

१. विषयको संक्षिप्त व्यहोराः

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह बीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने मर्म अनुसार विनियोजन ऐन, २०७५ मा प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रमहरू नेपाल सरकार अन्तर्गतका निकायहरूमार्फत कार्यान्वयन गराउन सकिने व्यवस्था गरिएको छ। त्यसैगरी नेपाल सरकारद्वारा विभिन्न योजना तथा कार्यक्रमहरू प्रदेश र स्थानीय तहहरूमा हस्तान्तरण गर्ने क्रममा केही योजना तथा कार्यक्रमहरू संघमा रहन गएका तर संरचना प्रदेश र स्थानीय तहहरूमा हस्तान्तरण भई सकेको कारणले यस्ता योजना तथा कार्यक्रमहरू प्रदेश र स्थानीय तहहरूबाटै कार्यान्वयन गराउनुपर्ने अवस्था श्रृजना भएको छ। आर्थिक वर्षको बीचमा यस्ता योजना तथा कार्यक्रमहरू वित्तीय हस्तान्तरण मार्फत कार्यान्वयन गर्न कानूनी कठिनाई तथा जटिलता रहेकोले यस्ता योजना तथा कार्यक्रमहरूलाई अन्तरिम व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनका लागि विनियोजन ऐन, २०७५ को दफा ९(१) मा व्यवस्था भएबमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) बाट आदेश जारी गर्न आवश्यक भएको।

२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः

महालेखा नियन्त्रक कार्यालय,कोष तथा लेखा नियन्त्रक कार्यालय, विषयगत मन्त्रालयका कार्यलयहरू, प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश तथा स्थानीय तह लगायतका बजेट कार्यान्वयनसँग सम्वन्धित निकायहरूबाट हस्तान्तरण तथा अख्तियारी प्रदान भएका योजना तथा कार्यक्रमहरूको निकासा, प्रतिवेदन र लेखापरीक्षण सम्वन्धी विषयहरूमा नीतिगत मार्गदर्शन तथा स्पष्टताका लागि अनुरोध हुने गरेको छ।वित्तीय संघीयताको शुरूवाती कार्यान्वयनको चरणमा रहेको कारण कानूनी रूपमा कतिपय बजेट कार्यान्वयनका विषयमा बाधा उत्पन्न भएकोले विनियोजन ऐन २०७५ को दफा ९(१) अनुसार नेपाल सरकारले आदेश जारी गरी कार्यान्वयनमा देखिएका बाधा फुकाउन आवश्यक देखिएको छ।

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिशः

संघ, प्रदेश र स्थानीय तहहरूका योजना तथा कार्यक्रमहरू सम्वन्धित निकायहरूबाट कार्यान्वयन गर्न देहाय अनुसारका कठिनाइ उत्पन्न भएको छ।

(क) संघ अन्तर्गत रहेको योजना तथा कार्यक्रम प्रदेश र स्थानीय तहबाट अख्तियारी प्रदान गरी कार्यान्वयन गर्न अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र विनियोजन ऐन, २०७५ मा कुनै स्पष्ट व्यवस्था नभएको साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) ले समेत मातहतका निकायलाई मात्र अख्तियारी दिन सक्ने व्यवस्था रहेकोले कार्यान्वयनमा समस्या देखिएको।

(ख) विनियोजन ऐनको दफा ५ को उपदफा ४ मा प्रदेश र स्थानीय तह अन्तर्गत रहेका योजना तथा कार्यक्रम नेपाल सरकारको निकाय मार्फत कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृतिमा कार्यान्वयन गराउन सक्ने व्यवस्था रहेको तर यसरी कार्यान्वयन गराउँदा बजेट प्रवाह अख्तियारी वा वित्तीय हस्तान्तरण कुन विधि अनुसार कार्यान्वयन गर्ने स्पष्ट नभएको ।

(ग) विनियोजन ऐन, २०७४ को दफा ४ को व्यवस्था अनुसार प्रदेश सरकार र स्थानीय तहलाई विनियोजित सशर्त अनुदान रकम चौमासिक रूपमा दाखिल गर्ने व्यवस्था रहेको तर सब बजेट उपशीर्षकगत (कार्यक्रमगत) रूपमा दाखिला गर्ने सम्बन्धी स्पष्ट व्यवस्था नभएको।

(घ) नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई सशर्त अनुदानमार्फत हस्तान्तरण भएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि थप रकम निकासा दिन स्पष्ट व्यवस्था नभएको। तसर्थ, उल्लिखित समस्या समाधान गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक भएकोले स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७५/१०/२४ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची-१ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने व्यहोरा:

(क) नेपाल सरकारको बजेट तथा वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयनका लागि प्रदेश सरकार र अन्तर्गतका निकायलाई वा स्थानीय तहलाई अख्तियारी दिएको अवस्थामा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले संघको एकल खाताकोष प्रणाली मा सम्बन्धित प्रदेश वा स्थानीय तहको कार्यालय कोड दिई सोही कोडबाट निकासा प्रदान गर्ने र उक्त अख्तियारीको हकमा संघकै अन्य कार्यालय सरह लेखापरीक्षण, आर्थिक विवरण तयारी, प्रमाणीकरण तथा प्रतिवेदन गर्ने।

(ख) प्रदेश तथा स्थानीय तहको बजेट तथा वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयनका लागि नेपाल सरकारको कुनै निकायलाई अख्तियारी प्रदान भएमा सम्बन्धित संघीय मन्त्रालयको स्वीकृतिमा प्रदेशको हकमा सम्बन्धित प्रदेशको एकल खाता कोष प्रणालीमा प्रदेश निकायको रूपमा कार्यालय कोड दिई प्रदेश लेखा नियन्त्रक कार्यालय/प्रदेश इकाई कार्यालयबाट निकासा लिई कार्यान्वयन गर्ने र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहबाट संघीय निकायले निकासा लिई कार्यसञ्चालन कोष (ख६) मार्फत कार्यक्रम सञ्चालन गर्ने।

(ग) नेपाल सरकारको बजेट सूचना प्रणालीमा प्रदेश र स्थानीय तहको सशर्त अनुदान बजेट उपशीर्षक अन्तर्गतको कार्यक्रम (सब बजेट उपशीर्षक) मा विनियोजन भए अनुसार स्रोत फुकुवा समेतको आधारमा चौमासिक रूपमा कार्यक्रमगत वित्तीय हस्तान्तरण गर्ने।

(घ) नेपाल सरकारबाट प्रदेश र स्थानीय तहलाई सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरण भएका कार्यक्रम/आयोजनाहरूको कार्यान्वयन गर्न थप रकमको अख्तियारी दिने। सोको कार्यान्वयनका लागि सम्बन्धित आयोजना प्रदेश/स्थानीय तहलाई सम्बन्धित

कोष तथा लेखा नियन्त्रक कार्यालयले संघको एकल खाता कोष प्रणालीमा सम्वन्धित प्रदेश वा स्थानीय तहको कार्यालय कोड दिई सोही कोडबाट निकासा दिने र खर्च गर्ने सम्वन्धित निकायहरुले नै लेखापरीक्षण, आर्थिक विवरण तयारी, प्रमाणिकरण तथा प्रतिवेदन गर्ने।

(ङ) बैदेशिक स्रोत समावेश भएका आयोजनामा नेपाल सरकारबाट बित्तीय हस्तान्तरण हुने सशर्त अनुदानको हकमा बैदेशिक सहायता सम्झौता बमोजिम विषयगत संघीय मन्त्रालय अन्तर्गतका आयोजना समन्वय कार्यालयले निर्दिष्ट गरेको ढाँचामा खर्च गर्ने प्रदेश वा स्थानीय तहले छुट्टै अभिलेख राखी तोकिएको समयमा सम्वन्धित निकाय, आयोजना समन्वय कार्यालय र सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्ने ।

(राजन खनाल)
सचिव

मितिः२०७५/१०/२४

श्री सचिव,
अर्थ मन्त्रालय ।

बजेट कार्यान्वयनमा देखिएका समस्या समाधान विषयको अर्थ मन्त्रालयको २/११८-०७५/१०/२५ को प्रस्ताव मं.प.बै.सं. ५५/०७५ मिति २०७५/१०/२५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु–

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७५/१०/२५